***Article History:*** *Received date: 7 December, 2024; Accepted date: 10 March, 2025*

# कृष्ण प्रसाईंका ध्यान कवितामा ईश्वर चिन्तन

**सविन लम्साल**
श्री षडानन्द बहुमुखी क्याम्पस

**लेखक नोट**

सविन लम्साल Orcid ID:0009-0008-0326-6994 षडानन्द बहुमुखी क्याम्पसमा आंशिक शिक्षकका रूपमा कार्यरत हुनुहुन्छ । उहाँ श्री अरुण माध्यमिक विद्यालय षडानन्द नगरपालिका दिङ्ला, भोजपुरमा नेपाली विषयको माध्यमिक तहमा स्थायी शिक्षकका रूपमा पनि कार्यरत हुनहुन्छ । Email: lamsalsabin@gmail.com

**लेखसार**

प्रस्तुत अध्ययनपत्रमा कृष्ण प्रसाईँको घामको वर्षा ध्यान कविता सङ्ग्रहका केही ध्यान कवितामा पूर्वीय दर्शनमा उल्लेख भएको ईश्वर चिन्तन पाइएकाले त्यसको खोजी गरिएको छ । कविताहरूमा सगुण (साकार) ईश्वर र निर्गुण (निराकार) ईश्वर दुवै प्रकारका ईश्वर चिन्तन पाइएको छ । जसलाई यस लेखमा साक्ष्यसहित अध्ययन विश्लेषण गरिएको छ । ईश्वरको वास्तविक रूपको पूजा तथा आराधना गरिन्छ भने त्यसलाई सगुण ईश्वर भनिन्छ । कृष्ण प्रसाईँका केही ध्यान कवितामा ईश्वरको वास्तविक स्वरूपको चर्चा गरिएको देखिन्छ । त्यसैगरी ईश्वरको वास्तविक स्वरूप नभएर निराकार हुन्छ,  हामी सबैका मनमा हुन्छ वा यो जगत्मा व्याप्त हुन्छ तर निराकार हुन्छ, कुनै आकार हुँदैन भन्ने अवधारणा निर्गुण वा निराकार ईश्वर चिन्तनमा चर्चा गरिएको पाइन्छ । यी तथ्यहरू पूर्वीय षट्दर्शन (न्याय, योग, मीमांसा, साङ्ख्य, वेदान्त, वैशेषिक) मा चर्चा गरिएको पाइन्छ । यसैलाई मूल आधार बनाएर कृष्ण प्रसाईँका केही ध्यान कविताको अध्ययन गरी यस लघु अध्ययनमा ईश्वर चिन्तनको निक्र्योल गरिएको छ । पूर्वीय षड्दर्शनमा दृश्य र अदृश्य  ईश्वरको चर्चा व्यापक रूपमा गरिएको पाइन्छ । त्यही ईश्वर कृष्ण प्रसाईंका कवितामा पनि आएको छ । यस लघु अनुसन्धान पत्रको निष्कर्षमा पूर्वीय षड्दर्शनमा चर्चा गरिएका ईश्वर तत्त्व नै कृष्ण प्रसाईंका केही ध्यान कवितामा गहन रूपमा प्रस्तुत भएको कुरा पुष्टि हुन्छ ।

*शब्दकुञ्जी :* निर्गुण, न्याय, योग, सगुण, साङ्ख्य, षड्दर्शन

## विषय परिचय

कृष्ण प्रसाई नेपाली कविताको २०३६ यताको समसामयिक धाराका स्थापित कवि हुन् । उनका तीन कविता सङ्ग्रह घाम नभएको बेला (२०६२), घामको वर्षा (ध्यान कविता सङ्ग्रह, २०६६) र घामको विरासत (२०७४) प्रकाशित भएका छन् । उनको प्रक्षेपण (२०४७) कथा सङ्ग्रह पनि प्रकाशन भएको छ । घामको वर्षा प्रसाईंको ध्यान कविता सङ्ग्रह हो । यसमा एकसय आठ वटा शीर्षक विहीन कविताहरू समेटिएका छन् । प्रत्येक कविता एक पङ्क्तिपुञ्जका छन् । यहाँ ध्यान शब्दलाई जापानी शब्द जेनको पर्यायवाची शब्दका रूपमा लिइएको छ । कालान्तरमा नेपाल र भारतमा बौद्ध धर्मसँग सम्बद्ध रहेको र चीन हुँदै जापानमा पुगेर फस्टाएको जेनदर्शनसँग सम्बन्धित कविताहरू नै ध्यान कविता हुन् । यसभन्दा अगाडि नेपालमा ध्यान कविताहरू लेखिएको देखिँदैन । यसर्थ नेपालीमा ध्यान कविता लेखन कार्यको सुरुवातकर्ताका रूपमा कृष्ण प्रसाईंलाई लिन सकिन्छ ।  ध्यान दर्शनको सबै एक र एक नै सबै भन्ने मुख्य दृष्टिकोण रहेको हुन्छ । यी कवितामा ईश्वर र मोक्ष वा मुक्तिको चिन्तन पाइन्छ ।

कृष्ण प्रसाईँका ध्यान कविताहरूको अध्ययन पूर्व अध्येताहरूबाट भएको देखिएन । केही ध्यान कविताहरूको अध्ययन गर्दा पूर्वीय षड्दर्शनमा चर्चा गरिएको साकार र निराकार अर्थातन् सगुण र निर्गुण ईश्वरसम्बन्धी चिन्तन पाइएकाले यस लघु अनुसन्धानमा प्रसाईँका सात कवितामात्र लिएर अध्ययन गरिएको छ ।

कविताहरू जुनसुकै दर्शन र मूलबाट प्रभावित भएर लेखिएका भए तापनि यस अध्ययनमा भने पूर्वीय षड्दर्शनको ईश्वर चिन्तनका आधारमा मात्र केही कविताहरूको विश्लेषण गरिएको छ । प्रसाईंका ध्यान कवितामा सगुण ईश्वर र निर्गुण ईश्वर ईश्वरका दुवै रूपको चिन्तन प्रस्तुत भएको पाइन्छ ।

## अध्ययन विधि

कृष्ण प्रसाईंका ध्यान कवितामा ईश्वर चिन्तन शीर्षक प्रस्तुत शोधलेखमा मुख्य रूपमा पुस्तकालयीय विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत लेखमा कृष्ण प्रसाईँको कविता संग्रह मुख्य विश्लेष्य सामग्री हो । अध्ययनसँग सम्बद्ध सामग्रीको सङ्कलन पुस्तकालयबाटै गरिएको छ । सङ्कलन गरिएको सामग्रीलाई विश्लेषणात्मक र व्याख्यात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । पूर्व स्थापित नियम तथा सिद्धान्तका आधारमा अध्ययन गरिएको हुनाले प्रस्तुत शोधलेख निगमनात्मक विधिमा आधारित रहेको छ ।

### पूर्वीय षड्–दर्शनमा ईश्वर चिन्तन (सैद्धान्तिक पर्याधार)

वर्षौंदेखि साकार स्वरूप मानेर मूर्तिका रूपमा धार्मिक व्यक्तिहरूले पुज्दै आएको र निराकार रूपमा समेत मानिँदै विभिन्न धर्ममा पुजिँदै आएको सर्वशक्तिमान तत्त्व नै ईश्वर हो । स्वतन्त्र र निरपेक्ष अस्तित्व भएको सर्वोच्च सत्ता वा परम पदार्थ नै ईश्वर हो । ईश्वरको अभावमा विश्वको अस्तित्व नरहने हुँदा उसलाई यस विश्वको आधारस्वरूप रहेको सर्वश्रेष्ठ चेतन तत्त्वका रूपमा लिइन्छ (गिरी, २०५५, पृ. १००) । सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त सबै दर्शनले आ–आफ्नै ढङ्गबाट ईश्वरको चर्चा गरेका छन् । षड्–दर्शनमा सांख्यदर्शनले भने ईश्वरको अस्तित्वलाई स्वीकार गरेको छैन । योगदर्शनले प्रकृति र पुरुषको संयोग गराउने तत्त्वका रूपमा, न्याय र वैशेषिक दर्शनले जगत्को निमित्तकारणका रूपमा तथा वेदान्त दर्शनले व्यावहारिक दृष्टिकोणबाट जगत्को सृष्टि, स्थिति र

संहारको कारणका रूपमा ईश्वरलाई स्वीकार गरेको पाइन्छ । मीमांसा दर्शनले प्रत्यक्षतः ईश्वरको चर्चा गरेको छैन तापनि वैदिक कर्मकाण्डका विधिहरूलाई अवलम्बन गरिएको हुनाले यसमा पनि ईश्वरको अस्तित्व जीवित नै देखिन्छ । पूर्वीय दर्शनअनुसार ईश्वर सगुण, सर्वज्ञ, सर्वव्यापक, स्वतन्त्र एवं व्यक्तित्वपूर्ण छ । चराचर जीवनजगत्को नियन्ता मानिएको ईश्वर समस्त दोषरहित छ एवं अशेष कल्याणगुणसम्पन्न छ (गिरी, २०५५, पृ. ६५) । सर्वशक्तिमान् ईश्वरको कृपाबाट नै जीवले सुख, शान्ति, आनन्द एवं सम्पूर्ण मुक्तिका साथै अन्त्यमा परमपद मोक्षसमेत प्राप्त गर्दछ ।

## ईश्वर चिन्तनका दृष्टिमा कृष्ण प्रसाईंका केही ध्यान कविता

कृष्ण प्रसाईंका केही ध्यान कवितामा पूर्वीय दर्शनमा व्याख्या गरिएको ईश्वरको सत्ता स्वीकार गरिएको देखिन्छ । यो भौतिक जगत् कार्य हो र यसको कारक ईश्वर हो भन्ने दृष्टिकोण कवितामा प्रस्तुत भएको छ । कवितामा कतै खुलेर अभिधाकै तहमा त कतै व्यञ्जननाको तहमा ईश्वरको चिन्तन गरिएको देखिन्छ । प्रसाईंका ध्यान कवितामा निराकार र साकार अर्थात् निर्गुण र सगुण दुवै खाले ईश्वरको आराधना गरिएको देखिन्छ । जसलाई तल प्रस्ट पारिएको छ ।

## निर्गुण ईश्वर चिन्तन

पूर्वीय षड्–दर्शनमा ईश्वरका दुई अवस्थाको चित्रण गरिएको छ । निर्गुण ईश्वर अर्थात् निराकार ईश्वर र सगुण ईश्वर अर्थात् साकार ईश्वर । कुनै आकारको चर्चा नगरिएको अदृश्य तर सर्वशक्तिमान् ईश्वर नै निर्गुण ईश्वर हो । कृष्ण प्रसाईंका ‘घामको वर्षा’ कविता सङ्ग्रहभित्रका केही ध्यान कवितामा साकार र निराकार दुवै खाले ईश्वर चिन्तन पाइन्छ । उनका कवितामा प्रस्तुत भएको निर्गुण ईश्वर चिन्तनलाई यसरी प्रस्ट पारिन्छ :

> पर्दा तान्ने र उघार्नेलाई
> न त दर्शकले देख्छन्
> न त कलाकारले नै
> तर ऊ
> सबैलाई देख्छ । (पृ. ५०)

यस कवितामा पर्दा तान्ने र उघार्ने मान्छेको सादृश्यमा ईश्वरको कल्पना गरिएको छ । योगदर्शन अनुसार ईश्वर सृष्टि प्रक्रियामा संलग्न रहन्छ तर पनि ऊ विश्वको सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता होइन (गिरी, २०५५, पृ. ४८) । योग दर्शनको यही ईश्वरका आधारमा यस कवितालाई हेर्दा ईश्वरले पर्दा खोल्ने र लगाउने काम गरिरहेको छ, उसले यस जगत्का तमाम मानिसलाई देख्छ पनि तर मानिसले ईश्वरलाई देख्दैनन् । किनकि योग दर्शनमा ईश्वरको कुनै स्वरूपको चर्चा गरिएको छैन । यसरी यस कवितामा ईश्वर सम्बन्धी चिन्तन गरिएको पाइन्छ जुन योग दर्शनको निकट देखिन्छ । योग दर्शनमा ईश्वरको निश्चित आकार र स्वरूपको चर्चा गरिएको छैन । यसर्थ यस उदाहरणलाई हेर्दा प्रसाईंको यस ध्यान कवितामा निर्गुण ईश्वर चिन्तन प्रस्तुत भएको छ ।

निर्गुण ईश्वर चिन्तन प्रस्तुत भएको अर्को एउटा कविता यस्तो छ :

> “सबैभन्दा ठूलो सजाय खुसी नहुनु हो ।”
> “जति पुरुषार्थ गर्छौ, प्रारब्ध त्यति नै बलियो हुन्छ ।”
> “नयाँ राम्रो लाग्छ, तर याद पुरानाको गरिन्छ ।”
> तर यी सबै भन्ने वक्ताहरू

ईश्वरको विद्यालयमा पढेका
ईश्वरकै विद्यार्थीहरू थिए। (पृ.४०)

यस कवितामा ईश्वरको विद्यालय भने ज्ञान प्राप्त गर्ने ठाउँलाई भनिएको छ। ईश्वर सर्वज्ञानी हुन्छ, उसले सबैलाई देख्छ, ज्ञान पनि दिन्छ तर लिनेले कसरी लिन्छन् त्यो फरक कुरा हो भन्ने कुरा यस कवितामा आएको छ। एउटै ईश्वरको छायामा बसेका विद्यार्थी अथवा मानवहरूमा फरक फरक विचारको जन्म हुन्छ, फरक फरक चेतना उत्पन्न हुन्छ ,उनीहरूको विद्वताको स्तर पनि फरक हुन्छ, बुझ्ने क्षमतामा पनि फरक हुन्छ भन्ने यथार्थ कुरा प्रस्तुत गर्न यस कवितामा ईश्वरको सहारा लिइएको छ। यहाँ कुनै आकार वा प्रकारको ईश्वरको कुरा नगरी ईश्वर एक छन्, अनन्त छन्, सर्वज्ञानी छन् र अदृश्य छन् भन्ने चिन्तन प्रस्तुत भएको छ। यसरी कवितामा निर्गुण ईश्वर चिन्तन अर्थात् निराकार ईश्वर चिन्तन प्रस्तुत भएको देखिन्छ।

## सगुण ईश्वर चिन्तन

गुण सहितको अर्थात् आकार सहितको ईश्वरलाई सगुण ईश्वर भनिन्छ। पूर्वीय षड्–दर्शनमा सगुण ईश्वरको पनि चर्चा गरिएको पाइन्छ। कृष्ण प्रसाईंका ध्यान कवितामा पनि पूर्वीय दर्शनले स्थापना गरेको सगुण ईश्वर चिन्तन प्रस्तुत भएको पाइन्छ। जसलाई तलका उदाहरणबाट प्रस्ट पारिएको छ :

हामी काँडाहरू पहारा दिइरहन्छौँ।
ती सुन्दर फूलहरू कसैले नटिपुन्
आततायी छ मान्छे चैँ
तिमीलाई चढाएर
पुण्य लुट्न खोजिरहेछ। (पृ. ४२)

यस कवितामा काँडाहरूले 'तिमी' भनेर ईश्वरलाई सम्बोधन गरेका छन्। फूललाई काँडाहरूले सुरक्षा दिइरहेका हुन्छन्, कसैले फूल नटिपोस् भन्ने काँडाहरूको चाहना हुन्छ तर मान्छे आएर काँडाको वास्तै नगरी पुण्य कमाउनका लागि फूल टिपेर भगवान्लाई लगेर चढाउँछ। यो कविताको भाव अनुसार पूर्वीय दर्शनको ईश्वर चिन्तनका दृष्टिले हेर्दा ईश्वर पुजिएको छ। न्याय दर्शन अनुसार ईश्वर स्रष्टा एवम् पालनकर्ता हुनुका साथै यस विश्वको संहार कर्ता पनि हो। ईश्वर व्यक्तित्वपूर्ण छ, जसमा ज्ञान, सत्ता र आनन्द सन्निहित छन् (गिरी, २०५५ : पृ. ५०)। माथिको कवितालाई न्याय दर्शनको ईश्वर चिन्तनका आधारमा हेर्दा मान्छेले ईश्वरमा सन्निहित ज्ञान, सत्ता र आनन्द लिनका लागि उसलाई खुसी पार्न फूल चढाएको छ। यसरी कवितमा ईश्वर चिन्तन प्रस्तुत भएको देखिन्छ। यस कवितामा प्रस्तुत भएको ईश्वर सगुण छ। मान्छेले मन्दिरमा ईश्वरको प्रतिमा खडा गरेका छन्। ईश्वरको आकार र बनावट तथा नामबाट मूर्ति निर्माण गरेका छन्। त्यही ईश्वरलाई चढाउन कवितामा फूल टिपिएको छ। यसर्थ प्रसाईंको यस कवितामा सगुण ईश्वर चिन्तन प्रस्तुत भएको देखिन्छ।

यसैगरी सगुण ईश्वर चिन्तन प्रस्तुत भएको अर्को उदाहरण हेरौँ :

उनै सूर्यलाई हेरेर
म धन्य भएँ,
जसलाई मेरा पूर्खाले
हजारौँ वर्ष अघिदेखि पुजेका थिए। (पृ. ८०)

यस कवितामा सूर्यलाई ईश्वर मानेर हजारौँ वर्षदेखि पुजिएको कुरा गरिएको छ। यहाँ ईश्वरलाई सूर्यमा आरोपित गरिएको छ। शाङ्कर बेदान्त दर्शन अनुसार ईश्वर सगुण, सर्वज्ञ, सर्वव्यापक, स्वतन्त्र, एवं व्यक्तित्वपूर्ण छ। त्यसैकारण कुनै उपासकले ईश्वरको उपासना गर्न सक्छ (गिरी, २०५५ : पृ. ५८)। यस कवितामा शाङ्कर वेदान्त दर्शनमा चर्चा गरिएको त्यही ईश्वरको हजारौँ वर्षदेखि उपासना गरिएको छ। यहाँ ईश्वर सूर्यको रूपमा आएको छ। यसरी कवितामा ईश्वरको स्पष्ट चिन्तन गरिएको छ। सूर्यलाई ईश्वरको रूपमा आरोपित गरेर कवितामा सगुण ईश्वर चिन्तन प्रस्तुत गरिएको छ। सूर्यलाई देवता मानेर पुज्ने परिपाटी हिन्दु धर्ममा पनि छ। यसर्थ यस कवितामा आएको सूर्य सगुण ईश्वर हो।

सगुण ईश्वर चिन्तन प्रस्तुत भएको अर्को एउटा कविता हेरौँ :

मेरो बस्ने घर
मैले आफैँ बनाएँ।
ऊ निर्जीव थियो,
म सजीव थिएँ।
एक दिन उसले
आफ्नै ढोकाबाट
निर्जीव बनाएर
मलाई नै निकाल्यो। (पृ. ४२)

माथि प्रस्तुत कवितामा मानिस आफैँले ईश्वरको सिर्जना घरका रूपमा गरेको छ र ईश्वरको आज्ञा अनुसार उसले निर्धारण गरेको समयभन्दा यस संसारमा हाम्रो भौतिक शरीर रहन सक्दैन भन्ने कुरा प्रतीकात्मक रूपमा घरले आफ्नो ढोकाबाट निर्जीव बनाएर निकाल्यो भन्ने प्रसङ्ग प्रस्तुत गरिएको देखिन्छ। यस कविताका ईश्वरलाई घरको आकार दिएको देखिन्छ। जुन माानिस आफैँले बनाउने कुरा प्रस्तुत गर्दै ईश्वरले हामीलाई निश्चित समयका लागि यस संसारमा पठाउँछन् भन्ने कुरा व्यक्त भएको देखिन्छ। यसरी कवितामा सगुण ईश्वर चिन्तन अर्थात् साकार ईश्वर चिन्तन प्रस्तुत भएको छ।

यसैगरी सगुण ईश्वर चिन्तन प्रस्तुत भएको अर्को एउटा साक्ष हेरौँ :

जमिन हाँस्यो !
आफूलाई किन्नेको
आयु सम्झेर !! (पृ. ४४)

प्रस्तुत ध्यान कवितामा जमिन अर्थात् प्रकृतिलाई ईश्वरका रूपमा प्रस्तुत गर्दै मानिसको घमण्डलाई ईश्वले भत्काउँछन् भन्ने कुरा जमिन हाँसेको प्रसङ्गबाट प्रस्ट पारिएको छ। यहाँ ईश्वरका रूपमा जमिनलाई प्रस्तुत गरिएको देखिन्छ। यसर्थ माथि प्रस्तुत कवितामा सगुण अर्थात् साकार ईश्वर चिन्तन प्रस्तुत भएको देखिन्छ।

त्यसैगरी सगुण अर्थात् साकार ईश्वर चिन्तन प्रस्तुत भएको अर्को कविता यस्तो छ :

धेरै सम्झाएँ
फकाउनसम्म फकाएँ

मेरो केही जोड चलेन
यमराजले घुस खानै मानेन । (पृ.४४)

माथि प्रस्तुत कृष्ण प्रसाईँको ध्यान कवितामा सगुण अर्थात साकार ईश्वरका रूपमा यमराजलाई प्रस्तुत गरिएको छ । पूर्वीय दर्शनहरूमा मानिसको यस संसारमा समय सकिएपछि यमराजले लान्छ र उसको कर्म अनुसारको सजाय दिन्छ भन्ने चिन्तन पाइन्छ त्यही कुरालाई प्रस्तुत गर्न खोजिएको देखिन्छ । त्यसैले पूर्वीय दर्शनमा चर्चा गरिएको सगुण ईश्वर चिन्तन अर्थात् साकार ईश्वर चिन्तन माथि प्रस्तुत कवितामा व्यक्त भएको देखिन्छ ।

## निष्कर्ष

कृष्ण प्रसाईंका केही ध्यान कवितामा खुलेर ईश्वरको उपासना गरिएको छ । पूर्वीय षड्दर्शनले स्वीकार गरेको ईश्वर नै उनका कवितामा प्रस्ट रूपमा आएको देखिन्छ । त्यसैले प्रसाईंका ध्यान कविता पूर्वीय दर्शनकै सेरोफेरोमा घुमेका देखिन्छन् । कविताले जीवन्, जगत्, यसको कारक तत्त्व र कार्यकै बारेमा चिन्तन गरेका छन् । आकार सहितको ईश्वर र निराकार ईश्वर अर्थात् सगुण ईश्वर र निर्गुण ईश्वर दुवै ईश्वर सम्बन्धी चिन्तन उनका कवितामा पाइन्छ । ध्यान कविता नामै दर्शनसँग आबद्ध छ । पूर्वीय षड्दर्शनमा अन्य तत्त्वहरूसँगै ईश्वर पनि आउँछ जुन ईश्वर प्रसाईंका कवितामा पनि आएको छ । जसलाई साक्षसहित माथि प्रस्तुत गरिएको छ । त्यसैले निष्कर्षमा भन्नुपर्दा कृष्ण प्रसाईंका ध्यान कवितामा ईश्वर सम्बन्धी गहन चिन्तन गरिएको देखिन्छ ।

## सन्दर्भ सामग्री सूची

गिरी, रामानन्द, (२०५५) जनकदर्शन, (अनु. रामहरि तिमिल्सिना), जनक शिक्षा सामग्री केन्द्र ।
प्रसाईं, कृष्ण, (२०६५) घामको वर्षा, डोको इन्टरनेशनल ।